## मिति २०८३/०४/२८ गतेको बुढीगंगा गाउँकार्यपालिका बैठक निर्णयहरु

१. निर्णय नं. १ बुढीगंगा गाउँ कार्यपालिकाको यस अघिको ७९ औं बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्था सम्बन्धी समिक्षा गरियो ।

२. निर्णय नं. २ बुढीगंगा गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको म्याद २०८३ असार मसान्तमा समाप्त भएकाले सम्पूर्ण करार कर्मचारीहरुको म्याद २०८३ पुस मसान्त सम्म थप गर्ने ।

३. निर्णय नं. ३ बुढीगंगा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरुको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८० अनुसार तहबृद्धी सिफारिस समिति सदस्य मनोनयन गरियो।

४. निर्णय नं. ४ संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को अनुसूची-४ बमोजिमको ढाँचामा यस पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्न तपसिलको समितिलाई यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरी स्वीकृतीका लागि पेश गर्न कायदिश प्रदान गर्ने ।

(क) संयोजक- प्रयाश भट्टराई-प्रमुख प्रशासकीय अधिकृत

(ख) सदस्य- अनुज प्याकुरेल- आर्थिक शाखा प्रमुख

(ग) सदस्य सचिव- दिपा सापकोटा- प्रशासन शाखा प्रमुख

५. निर्णय नं. ५ आर्थिक वर्ष २०८३/८४ मा बुढीगंगा गाउँपालिकाको सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी ,बाल विकास सहजकर्ता र पालिका अनुदानका शिक्षकहरुको तलव भत्ता गाउँपालिका अनुदान स्रोतवाट भुक्तानि गर्ने रकम तयार गरियो ।

६. निर्णय नं. ६ बुढीगंगा पालिका अस्पताल सुकचरमा आवश्यक कर्मचारी अनुसार व्यवस्थापन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

७. निर्णय नं. ७ यस गाउँपालिकामा दर्ता कायम रहेका घ बर्ग निर्माण व्यवसायी फर्म/कम्पनीहरुले यस पालिकाबाट अन्यत्र जानका लागि ठाउँसारी निवेदन पेश गरेकाले आवश्यक प्रकृया पुर्याई ठाउँसारीको अनुमती प्रदान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने।

८. निर्णय नं. ८ यस गाउँपालिकामा आ.व २०८२/८३ मा सम्पन्न गर्ने संचालनमा रहेका ठेक्का कारण देखाई निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन पेश गरेको तथा उक्त योजना पालिकाका लागि महत्वपूर्ण रहेको हुँदा सार्वजनिक खरिद नियमावली,२०६४को नियम १२०(क) बमोजिम अनूसूची १ अनुसार ठेक्काको म्याद थप गर्ने ।सो अवधी भित्र कार्य सम्पन्न गर्न नसकेमा वा नगरेमा उक्त व्यावसायीलाई कारवाहिका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।



प्रमाणित

९. निर्णय नं. ९ यस गाउँपालिका आ.व २०८३/८४ का विनियोजित बजेट तथा कार्यक्रमहरु मध्ये वडा कार्यालयहरुले कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समिति गठन गरी सम्झौताका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने। साथै यस अघि यस गाउँकार्यपालिकाको २०८२/०७/२७ गतेको बैठकको निर्णयानुसार उपभोक्ता समिति मार्फत हुने खरिद कार्यहरुमा धरौटी बापत गा.पा.बाट खुद भुक्तानी हुने रकमको पाँच (५) प्रतिशत रकम त्रुटी सच्याउने अवधिभर कट्टा गरी राख्ने व्यवस्था रहेकोमा सो व्यवस्था खारेज गर्ने।

१०. निर्णय नं. १० यस गाउँपालिकाको १९औं गाउँ सभाको अधिवेशनको तेस्रो बैठक मिति २०८३/०५/१० गते गर्ने ।

११. निर्णय नं. ११ बुढीगंगा गाउँपालिकाको आ.व. २०८३/०८४ मा सञ्चालन हुने विभिन्न योजना तथा निर्माण कार्यहरूको लागत अनुमान तयार गर्न आवश्यक पर्ने गाउँपालिकास्तरीय दररेट चालु आ.वको जिल्ला दररेट बमोजिम गाउँपालिकास्तरीय दररेट तथा सोही दररेटका आधारमा तयार गरिएको दर विश्लेषण (Rate Analysis) स्वीकृत गर्ने ।

१२. निर्णय नं. १२ "करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहहरुवाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधि २०८२" बमोजिम सम्वन्धित स्थानीय तहबाटै सम्पादन हुने बेहोराको निर्णय भए बमोजिम उक्त कार्यविधि तोकिएका कामकाजहरु सञ्चालन गर्न यस बुढीगंगा गाउँपालिका समेत इच्छुक तथा प्रतिवद्ध रहेकोले उक्त सेवा सञ्चालन एवं व्यवस्थापनका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने।

१३. निर्णय नं. १३ वडा नं. ६ बस्ने शिवचरण सरदारले फुटबल खेल्ने क्रममा दाया खुट्टा भाँचिएको र सो को उपचारका लागि निजको आर्थिक अवस्था कमजोर रहेकाले निजको उपचारको लागि लागेको रकम मध्ये रु ४० हजार बिराट मेडिकल कलेज टिचिङ अस्पताललाई भुक्तानी दिन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

प्रमाणित